# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, असार ६ गते २०५६ साल (अतिरिक्ताङ्क २६

## भाग ४

### श्री ५ महाराजाधिराजका प्रमुख सचिवालय

### राजदरबारको सूचना १

श्री ५ महाराजाधिराज सरकार तथा श्री ५ बडामहारानी सरकारबाट गरिबक्सने मित्र राष्ट्र भारतको राजकीय भ्रमणका सिलसिलामा मौसूफहरुका सवारी साथ माननीय उद्योग वाणिज्य तथा आपूर्ति मन्त्री श्री पूर्णबहादुर खड्का २०५६ साल असार ६ गते सम्मिलित भै जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बलबहादुर के. सी. ले सम्हाल्नु हुनेछ ।

### सूचना २

माननीय स्वास्थ्य मन्त्री श्री शरतसिंह भण्डारी निजी कामको सिलसिलामा २०५६ साल असार ६ गते भारततर्फ जानु भएकोले उहाँको अनुपस्थितिमा उहाँले सम्हाली आउनु भएको स्वास्थ्य मन्त्रालयको कार्यभार सम्माननीय प्रधानमन्त्रीको सिफारिशमा माननीय संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री श्री बलबहादुर के. सी. ले सम्हाल्नु हुनेछ ।

हुकुम बक्से बमोजिम,
पशुपतिभक्त महर्जन
श्री ५ महाराजाधिराजका प्रमुख सचिव

मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।